जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १३२ २०७९ साल पुस ७ गते बिहीबार (22 Dec. 2022 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

### डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा नै मुटुको कृत्रिम भल्व ३ पृष्ठमा : छैटौं पटक निर्वाचित संसदीय ... ३ पृष्ठमा : तालिबान सरकारले महिलालाई ...

## २० महिने शिशुको तौल ४ किलो

# विपत्तमाथी कुपोषणले ग्रस्त छोरीको उपचारको भारीले रन्जनाको कन्तबिजोग



**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ११ लहरनिया टोलकी २२ वर्षिया रन्जनाकी २० महिने छोरी कुपोषित भएपछि उनलाई अहिले अर्को विपत्त आइपरेको छ ।

एक त रन्जनाका पति हिरवा सदाले उनलाई गर्भवती अवस्थामा कुटपिट गर्दै घर निकाला गरिदिएका छन् भने छोरी कुपोषित भएपछि उनी झनै बिचल्लित अवस्थामा छिन् ।

सामान्यता २० महिनाको बच्चाको तौल कम्तिमा साढे ११ किलो हुनुपर्नेमा उनकी छोरी सिर्जनाको ४ किलो मात्र रहेकी छिन् । उनले छोरीलाई लिएर उपचारका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्र नारायण सिंह हाताभित्र संचालनमा रहेको पोषण पुनः स्थापना गृहमा पुगेपछि पोषण गृहको ४ नं. बेडमा राखी उपचार थालिएको छ ।

गृहकी प्रमुख रश्मी झाले आमालाई पोषिलो खानाको अभावमा दुध नपुगेर बच्चामा यस्तो कडा कुपोषण देखिएको बताइन् । उनले भनिन, “शिशुको अवस्था हेर्दा कुपोषणले अतिग्रसित भएको छ, शिशुको शरीरमा मासु छैन, छाला र हाड मात्र छ ।” उनले बच्चाको अवस्था अत्यन्त कडा खालको कुपोषणको अवस्था रहेकोले समयमै ध्यान नदिइए बच्चाको अवस्था थप जटिल हुने बताइन् ।

पोषण गृहमा राखेर उपचार सुरु गरिएपनि थप उपचार आवश्यक रहेको र एक पटक धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिषठनमा लगेर विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परिक्षण गराउन जरुरी देखिएको उनको भनाई छ ।

पोषण गृह पुग्न अघि मिनरल वाटरको खाली बोतल लिएर बच्चालाई खुवाउन दुध माग्दै होटलमा पुगेकी उनको अवस्था देखेर एक होटल धनीले दुधका साथै चुसाउनका लागि निप्पल समेत किनेर दिएको रन्जना बताउँछिन् । उनले दुखेसको पोख्दै भनिन्, “म गर्भवती महिला कुपोषितले ग्रस्त बच्चाको हेरचार गर्नुकी कमाउन जानु ? सामान्य खाना त पुग्दैन कहाबाट पौष्टिक आहार खुवाउनु ।”

दिनभर मजदुरी गरेर कमाएको पैसा रात परेपछि रक्सीमा उडाउने गरेका पतिलाई सम्झाउने प्रयास गर्दा गत असोज ७ गते गर्भवती अवस्थामै कुटपिट गरि उनलाई घर निकाला गरिदिएका हुन् ।

अर्काको खेतमा मजदुरीले जिविका धान्दै आएका सदा दम्पत्ति लहरनिया टोलमा ऐलानी २ धुर जग्गामा बनाइएको फुसको झुप्रोमा बसोवास गर्दै आएका थिए । रन्जना ६ महिनाकी गर्भवती छिन् ।

हाल उनी कंचनरुप नगरपालिका १० बदगामा टोलस्थित माइतमा सरण लिन पुगेकी छिन् । उनको बुबाको पनि दुई वर्षअघि निधन भइसकेको छ भने आमा मानसिक सन्तुलन गुमाई घरकै एक कोठामा सीमित हुन पुगेकी छिन् । माइती बसाइकै क्रममा उनको २० महिनाको छोरी सिर्जना कुपोषणको सिकार भइन् ।

# रुपनी घटना बारे छानबिन गरि दोषिमाथी कारवाही गर्ने लगायतका चार बुँदे सहमति

**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

सप्तरीको रुपनीमा मंगलबार टिपरको ठक्करबाट एक विद्यार्थीको मृत्यु भएको घटना बारे बुधबार बसेको सर्वपक्षिय बैठकले घटना सम्बन्धी छानबिन तथा अनुसन्धान गरि दोषिमाथी कारवाही गर्ने लगायतका चार बुँदे सहमति भएको छ ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको अध्यक्षतामा बसेको बैठकले पीडित पक्षले पाउने क्षतिपूर्ती यथासिघ्र उपलब्ध गराउन सबै पक्षबाट पहल गर्ने निर्णय समेत भएको छ ।

यस्तै जिल्ला ट्राफिक कार्यालय तथा सम्बन्धीत सडक आयोजना/योजना कार्यालयबाट विद्यार्थीहरु समेतको सहभागितामा ट्राफिक सचेतना सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन, दुर्घटना न्युनिकरण गर्न छात्रछात्राहरु विद्यालय जाने र घर फर्कने समयमा निर्माण सामाग्रि बोकेको टिपरलाई होल्ड गरि सवारी आवागमनमा सहजिकरण गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय समेत गरिएको छ ।

यसैगरि सडक निर्माण मर्मत सुधारका क्रममा निर्माण सामाग्रिहरु सडक अवरोध नहुने गरी राख्ने र संकेत चिन्हहरु समेत सम्बन्धीत निर्माण व्यवसायले अनिवार्य रुपमा राख्ने तथा सोको अनुगमन सम्बन्धी सडक कार्यालय र नेपाल प्रहरी तथा ट्राफिक प्रहरीबाट गरिने निर्णय भएको छ ।

बैठकमा सुरक्षा निकायका प्रमुख, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव, स्थानिय, अभिभावक लगायतको सहभागिता रहेको थियो ।

मंगलबार बिहान ९ बजेतिर रुपनी राजविराज सडक खण्डस्थित विद्युत प्राधिकरण नजिक टिपरले ठक्कर दिँदा रुपनी गाउँपालिका १ निवासी १२ वर्षिय रिता कुमारी यादवको घटनास्थलमै मृतयु भएको थियो । सो घटना पश्चात् स्थानिय, अभिभावक र विद्यार्थीहरुले मंगलबार दिनभरि सडक जाम गर्दै बिरोध प्रदर्शनमा उत्रेका थिए । सो प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच ढुंगामुढा हुँदा दुबै तर्फ केही घाइते समेत भएका थिए ।

# सहकारी बैंकको संचालकमा मण्डल निर्विरोध

**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**



राष्ट्रिय सहकारी बैंक लिमिटेडको संचालक समितिको अध्यक्ष तथा संचालक समितिमा दुई प्रदेशका गरि तीन जना निर्विरोध निर्वाचित भएका छन् ।

समितिको अध्यक्षमा के.बी.उप्रेती, संचालक समितिमा

***बाँकी अन्तिम पृष्ठमा***


## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# सर्लाहीका दुई चिनी उद्योग सञ्चालन

सर्लाही, ६ पुस (रासस) ।

जिल्लाका दुई चिनी उद्योग सञ्चालनमा आएका छन् । किसानले बिक्रिगरेको उखुको भुक्तानी गर्न नसकेको एउटा उद्योग भने सञ्चालनमा आउन सकेको छैन ।

उद्योग परिसरमा उखु पर्याप्त आएकाले उद्योग सञ्चालन गरिएको इन्दुशङ्कर चिनी उद्योगका उखु प्रबन्धक योगनारायण रजकले बताउनुभयो । उहाँका अनुसार किसानको मागअनुसार उखुको मूल्य निर्धारण नभए पनि चिनी उद्योगले तत्कालका लागि गत वर्षकै मूल्य कायम गरी उखु खरिद गर्न थालेको हो ।

हरिवनमा रहेको इन्दुशङ्कर र बगदहमा रहेको महालक्ष्मी सुगर मिल सञ्चालनमा आएका भए पनि अन्नपूर्ण सुगर मिलले किसानको पुरानो उखुको भुक्तानी नगरेकाले सञ्चालनमा आउन नसकेको हो । जिल्लाका दुई चिनी मिलले पुस १ गतेबाट उखु खरिद सुरु गरी क्रसिङको तयारी गरेका थिए । सरकारले उखुको मूल्य निर्धारण नगर्दा गत वर्षकै मूल्यमा भुक्तानी दिइने र मूल्य निर्धारण भएपछि बाँकी रकम भुक्तानी दिने सहमति चिनी उद्योगहरूले गरेका छन् ।

उखु किसानले उखुको मूल्य प्रतिक्विन्टल कम्तीमा रु सात सय पाँच कायम गर्नुपर्ने माग गरेका उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनी मैनालीले बताउनुभयो । उहाँका अनुसार उखु किसानले चिनी उद्योगमा उखु पुर्‍याएपछि भुक्तानी पाउने झन्झटिलो प्रक्रिया र उखुको एकैपटकमा भुक्तानी नपाउदा किसान मारमा परेका छन् । तर खेतमा उखु सुक्न दिनुभन्दा उधारो भए पनि बेच्नुपर्ने किसानलाई बाध्यता छ ।

जिल्लामा करिब ३० हजार बिघा क्षेत्रफलमा उखुखेती हुने गरेकामा यस वर्ष आधाभन्दा पनि कम जमिनमा किसानले उखुखेती गरेका उखु उत्पादक किसानका अगुवा राजकुमार मैनालीले बताउनुभयो । उहाँका अनुसार जिल्लामा यस वर्ष करिब १४ हजार बिघा क्षेत्रफलमा उखुखेती भएको छ ।

इन्दुशङ्कर चिनी उद्योगले यस वर्ष करिब ४० लाख क्विन्टल उखु क्रसिङ गर्ने र यस वर्षका लागि उखुको मूल्य उद्योगले रु पाँच सय २० र सरकारले रु ७० किसानलाई भुक्तानी दिने उद्योगका प्रशासन शाखा प्रमुख ठाकुर नेपालले बताउनुभयो । उखु उत्पादक किसानले सधैँ घाटा खाएर उखु बेच्नुपरेका कारण उखुको मूल्य बढाउन आफूहरूले माग राखेको उखु उत्पादक किसान महासङ्घका अध्यक्ष मैनालीले बताउनुभयो ।

# नेपालमा नै मुटुको कृत्रिम भल्व राख्न थालेपछि विदेश जाने घटे

काठमाडौँ, ६ पुस (रासस) ।

नेपालमा नै मानिसको मुटुमा कृत्रिम भल्व राख्न थालेपछि विदेश उपचार गराउन जाने घटेका छन् । शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रले 'ट्रान्सक्याथर इरोटिक भल्व इम्प्लामेन्टेशन (टाभी)' विधिबाट मुटुमा कृत्रिम भल्व राख्ने गरेको छ । यसअघि उक्त कृत्रिम भल्व राख्न भारतलगायत बिरामी विदेश जाने गर्दथे । उपचार पनि सस्तो र सजिलो भएकाले बिरामीले कृत्रिम भल्व नेपालमा नै राख्ने गरेका छन् ।

हृदय केन्द्रका कार्यकारी निर्देशक डा चन्द्रमणि अधिकारीले अहिलेसम्म छ बिरामीको मुटुको कृत्रिम भल्व राखिएको जानकारी दिनुभयो । एक कृत्रिम भल्व ह्याम्स अस्पतालले पनि राखेको छ । उहाँले एक बिरामीको सफलतापूर्वक कृत्रिम भल्व राखेपछि आत्मविश्वासले अन्य बिरामीको पनि राख्न थालेको बताउनुभयो । नेपालमा पहिलो पटक केन्द्रले नै गत वर्ष फागुनमा मानिसको मुटुको कृत्रिम भल्व राखेको हो ।

नेपालमा रु २५ देखि ३८ लाखसम्म र भारतमा रु ६० देखि ८० लाखसम्म खर्च हुने गरेको छ । उहाँका अनुसार एक हप्ताभित्र पुनः एक बिरामीको पनि मुटुको कृत्रिम भल्व राख्ने तयारी भइरहेको जानकारी दिनुभयो । "नेपालमा नै मुटुको भल्व राखिने भएपछि धेरै बिरामी हाम्रोमा नै आउने गरेका छन्", उहाँले भन्नुभयो, "महिनामा एक-दुई जना कृत्रिम भल्व राख्न भारत जाने गर्दथ्ये, तर अहिले हामीले नै नेपालमा सुरु गरेदेखि बिरामी बाहिर गएका छैनन् ।"

उहाँका अनुसार मुटुको कृत्रिम भल्व राख्न वार्षिक करिब १२ बिरामी भारत जाने गरेका थिए । केन्द्रले नै मुटुको भल्व राख्न थालेपछि भने एक बिरामी मात्र भारत गएको आफूले जानकारी पाएको उहाँले बताउनुभयो । मुटुको एओर्टिक भल्व साँघुरो र उमेरका कारणले छाती चिरेर शल्यक्रिया गर्न जोखिम भएपछि उक्त भल्वको स्थानमा नयाँ कृत्रिम भल्व राख्ने गरिन्छ । यस विधिअनुसार तिघ्राको धमनी फिमोरल आर्टरीबाट एक विशेष किसिमले निर्मित तार अर्थात् क्याथेटरद्वारा मानव निर्मित भल्व मुटुभित्र छिराएर एओर्टिक भल्वको स्थानमा प्रत्यारोपण गरिन्छ ।

प्रत्यारोपण भएको भल्वले तुरुन्तै काम सुरू गर्ने हुँदा बिरामीलाई चाँडै नै आराम महसुस हुने गर्दछ । मुटुको एओर्टिक भल्व साँघुरो भएपछि मानिसमा छाती दुख्ने, बेहोस हुने र रिंगटा लाग्ने गर्दछ । उहाँका अनुसार उक्त एओर्टिक भल्वको वयस्क मानिसमा शल्यक्रियाद्वारा उपचार गर्न सकिन्छ भने वृद्धाअवस्थामा शल्यक्रिया गर्न असहज हुने हुँदा भल्व नै प्रत्यारोपण गर्नुपर्ने हुन्छ । मुटुबाट निस्कने मुख्य धमनीमा रहेको एओर्टिक भल्व साघुरिने रोगलाई 'एओर्टिक स्टेनोसिस' भनिन्छ ।

यस रोगको प्रचलित उपचार भनेको शल्यक्रियामार्फत छाती तथा मुटु चिरेर भल्व प्रत्यारोपण गरिने विधि हो । वृद्धावृद्धामा यस रोगका शल्यक्रिया गरेर उपचार गर्दा जोखिम हुने भएकाले 'टाभी' विधिबाट मात्र सम्भव हुने उहाँले बताउनुभयो । केन्द्रले कृत्रिम मुटुको भल्व भारत, नेदरल्याण्डलगायत मुलुकबाट ल्याउने गरेको छ । बिरामीको मुटुमा २३ एमएम, २६ एमएम, २९ एमएम र ३१ एमएमका कृत्रिम भल्व राख्ने गरिन्छ ।

# झण्डै सात लाखले चालक अनुमतिपत्र पाउन बाँकी

काठमाडौँ, ६ पुस (रासस) ।

चालक अनुमतिपत्रका लागि आवेदन दिएका झण्डै सात लाख सेवाग्राहीले अनुमतिपत्र पाएका छैनन् । काठमाडौँ उपत्यकाका कार्यालयबाट आवेदन दिएका सेवाग्राहीले झण्डै १० महिना देखि चालक अनुमतिपत्र पाउन सकेका छैनन् ।

अनुमतिपत्रको माग र आपूर्तिबीचमा धेरै अन्तर भएकाले यस्तो अवस्था आएको यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताउनुभयो । अहिले विभागसँग भएको 'मास प्रिन्टर'को छपाई गर्ने क्षमता दैनिक साढे चार हजार छ भने माग सात हजार हाराहारीमा रहेको छ । उहाँले भन्नुभयो, "एउटा मात्रै प्रिन्टरले माग धान्न नसकेका कारण यो समस्या आइरहेको छ ।" गत वर्षमा कार्ड अभावका कारण पनि अनुमतिपत्र छाप्न नसकिएकाले विभागले अहिले कार्ड बाँकी रहँदैमा नयाँ खरिदका लागि प्रक्रिया अघि बढाएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार कार्ड खरिदका लागि सूचना निकालिएको र सरकारी खरिद प्रक्रियाअनुसार चारपाँच महिना प्रक्रियामा लाग्नसक्छ । उहाँले भन्नुभयो, "अहिले हामीसँग भएको कार्ड प्रयोग भइसक्दासम्म नयाँ कार्ड आउनेछ ।"

कार्यालयको चापअनुसार देशभरका यातायात व्यवस्था कार्यालयका अनुमतिपत्र छाप्न बाँकी सङ्ख्या फरक-फरक रहेको छ । काठमाडौँ उपत्यकाका यातायात व्यवस्था कार्यालयमा सेवाग्राहीको चाप बढी भएकाले धेरै छापिन बाँकी छ ।

काठमाडौँ उपत्यका कार्यालयका अनुमतिपत्र मार्चसम्मको छापिएर पठाइएको छ भने थोरै सङ्ख्यामा हुने कार्यालयको गत महिनासम्मको पनि छापेर पठाइसकिएको उहाँले बताउनुभयो । उहाँले चालु आर्थिक बर्षमा नयाँ छपाइ उपकरण गर्न लागिएको समेत जानकारी दिनुभयो ।

अहिले विभागसँग तीन वर्ष पहिले खरिद भएको एउटा मात्रै 'मास प्रिन्टर' रहेको छ । एउटा उपकरणले दैनिक १६ घण्टा छापिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, " त्यही एउटा उपकरणबाट पनि सक्दो बढी काम लिइएको छ ।" तत्काल आवश्यक पर्ने सेवाग्राहीलाई तुरुन्त चालक अनुमतिपत्र दिइने व्यवस्था गरिएको विभागले जनाएको छ । विदेश जाने नागरिकले आवेदन भरेर तीन दिनमा अनुमतिपत्र पाउने प्रवक्ता पनेरुले बताउनुभयो । त्यसका लागि सेवाग्राहीले पासपोर्ट, भिसा र टिकट राखेर निवेदन दिने व्यवस्था गरिएको छ ।

उपत्यकाका चार कार्यालयपछि सेवाग्राहीको चाप पोखरा, बुटवल र नेपालगञ्जका यातायात कार्यालयमा रहेको छ । उहाँले भन्नुभयो, "यी बाहेकका अरु कार्यालयमा छापिनुपर्ने अनुमतिपत्र अति न्यून मात्रै रहेको छ ।" अनुमतिपत्रसम्बन्धी सबै अधिकार प्रदेश सरकारले गर्ने व्यवस्था भए पनि प्रदेश सरकारहरूले नसक्दासम्म सङ्घीय सरकारले छापिरहेको प्रवक्ता पनेरुले बताउनुभयो ।

प्रदेशहरूले आफैँ छाप्नुपर्ने भए पनि अहिलेसम्म कुनैले पनि सुरु गरेका छैनन् । प्रदेश स्रोतसाधन सम्पन्न नहुँदा मात्रै विभागले गरेको र पछि प्रदेश आफैँले गर्नुपर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "कार्यक्षेत्र प्रदेशको हो । अहिले विभागले सहजीकरण मात्र गरेको हो ।" नेपालमा विसं २०७२ पुसमा 'स्मार्ट' चालक अनुमतिपत्र एकान्तकुनास्थित कार्यालयबाट सुरु भएको थियो ।

एशियाली विकास बैंकको सूचना र सञ्चार प्रविधि ( आइसिटी) परियोजनअन्तर्गत भएको सम्झौताका आधारमा चार छपाइ उपकरण (प्रिन्टर) र तीन लाख ५० हजार कार्ड खरिद गरिएको थियो । त्यसपछिका वर्षमा उपत्यकामा रहेका अन्य यातायात कार्यालयमा पनि उक्त प्रणाली विस्तार गरिएको थियो ।

आव २०७३/७४ मा ठेक्कामार्फत नै सात लाख ५० हजार कार्ड र चार थान छपाइ उपकरण खरिद गरिएको थियो । तर उक्त उपकरणले प्रतिघण्टा ६० थान कार्ड मात्र छाप्ने क्षमता कारण विभागले विसं २०७६ मा धेरै सङ्ख्यामा एकै पटक कार्ड छाप्न सक्ने उपकरण खरिद गरेको थियो । विभागमा हाल सञ्चालनमा रहेको उपकरणको छपाइ क्षमता प्रतिघण्टा चार सय ५० रहेको प्रवक्ता पनेरुले जानकारी दिनुभयो ।

देशभरका सबै कार्यालयमा 'स्मार्ट' कार्ड लागू भएपछि छाप्न झण्डै आठ लाख कार्ड २०७६ चैतदेखि सरकारले बन्दाबन्दीमा छपाइ सकिएको थियो । अनुमतिपत्र छाप्न समय लाग्ने मात्रै होइन लामो समय कुरेर पाएका कार्डको छपाइको गुणस्तरीय नभएको सेवाग्राही बताउँने गरेका छन् । केही वर्षयता यातायात कार्यालयमा सेवाग्राहीको भीड हुने गरेको छ । सेवाग्राहीको भीड व्यवस्थापनका लागि कार्यालयले टोकन प्रणाली लागू गरेको भए पनि भीडभाड कम नभएको देख्न सकिन्छ ।


## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## डा. सरोज कुमार साह

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## डा. जयन्ती यादव

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँपालिका, सप्तरी**

# छैटौं पटक निर्वाचित संसदीय दलको नेता देउवाको राजनीतिक यात्रा

काठमाडौँ, ६ पुस (रासस) ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पार्टीको संसदीय दलको नेतामा निर्वाचित हुनुभएको छ । पार्टीको संसदीय दलको नेताका लागि बुधबार भएको मतदानमा उहाँले अर्का उम्मेदवार पार्टीका महामन्त्री गगनकुमार थापालाई पराजित गरी निर्वाचित हुनुभएको हो ।

मतदानमा कुल ८९ मत खसेको थियो । त्यसमध्ये सभापति देउवाले ६४ र महामन्त्री थापाले २५ मत प्राप्त गर्नुभएको कांग्रेस संसदीय दलको नेता तथा कार्यसमिति निर्वाचन समितिले जनाएको छ ।

सभापति देउवाको उम्मेदवारीको प्रस्तावकमा वरिष्ठ नेता रामचन्द्र पौडेल र समर्थक पार्टी उपसभापति पूर्णबहादुर खड्का रहनुभएको थियो । यसैगरी महामन्त्री थापाको उम्मेदवारीको प्रस्तावकमा नेता डा शेखर कोइराला तथा समर्थकमा उपसभापति धनराज गुरुङ, महामन्त्री विश्वप्रकाश शर्मा र केन्द्रीय सदस्य प्रदिप पौडेल रहनुभएको थियो ।

सभापति देउवा यो सँगै छैठौं पटक पार्टीको संसदीय दलको नेता बन्नुभएको छ । यस अघि उहाँ विसं २०५१, २०५८, २०६३, २०७२ र २०७४ मा समेत संसदीय दलको नेता निर्वाचित हुनुभएको थियो ।

कांग्रेस सभापति देउवा नेपाली राजनीतिमा छ दशकदेखि निरन्तर क्रियाशील व्यक्तित्वको रूपमा स्थापित हुनुहुन्छ । उहाँ पार्टीको १४औँ महाधिवेशनबाट दोस्रो कार्यकालका लागि पुनः सभापतिमा निर्वाचित हुनुभएको थियो ।

कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको प्रेरणाबाट राजनीतिमा होमिनुभएका देउवाको जन्म २००३ साल जेठ ३१ गते डडेल्धुराको आसिग्राम-५ रुवाखोलामा भएको हो । उहाँ हाल बूढानीलकण्ठ नगरपालिका भद्रकालीमा बसोबास गर्दै आउनुभएको छ ।

विसं २०१७ को राजनीतिक घटनाक्रमपछि नेपालको प्रजातान्त्रिक आन्दोलनमा निरन्तर सक्रिय उहाँ विद्यार्थी आन्दोलनबाट राजनीतिमा होमिनुभएको हो । प्राथमिक शिक्षा गृह जिल्ला, माध्यमिक शिक्षा डोटी र उच्च शिक्षा काठमाडौँमा हासिल गर्नुभएका उहाँले त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा स्नातकोत्तर र कानूनमा स्नातक गर्नुभएको छ ।

नेपाल विद्यार्थी संघका प्रथम निर्वाचित सभापति एवं संस्थापक सदस्य देउवा राजनीतिशास्त्रमा लण्डन स्कूल अफ इकोनमिक्सका रिसर्च फेलो हुनुहुन्छ । विसं २०४८, २०५१, २०५६, २०७४ र २०७९ का संसदीय निर्वाचनमा डडेल्धुराबाट निर्वाचित उहाँ २०६४ र २०७० सालमा भएको संविधानसभाको निर्वाचनमा डडेल्धुराका साथै कञ्चनपुर र कैलालीबाट समेत विजयी हुनुभएको थियो ।

विसं २०४८ मा गृहमन्त्री बन्नुभएका देउवाले हालसम्म गरी पाचौँ पटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिरहनुभएको छ । पहिलोपटक विसं २०५२ भदौ २६ देखि २०५३ फागुन २६ गतेसम्म प्रधानमन्त्री हुनुभएका देउवा विसं २०५८ साउन ७ गतेदेखि २०५९ असोज १८ गतेसम्म दोस्रोपटक प्रधानमन्त्री हुनुभएको थियो ।

सोही वर्ष असोज १८ गते उहाँलाई तत्कालीन राजा ज्ञानेन्द्र शाहले पदबाट बर्खास्त गर्नुभएको थियो । प्रधानमन्त्री देउवा २०६१ साल जेठ २१ गते तेस्रोपटक प्रधानमन्त्री बन्नुभएपछि राजा ज्ञानेन्द्रले उहाँलाई २०६१ साल माघ १९ गते पुनः पदबाट बर्खास्त गर्नुभएको थियो ।

प्रधानमन्त्री हुँदा उहाँले पिछडिएको भूभाग, सीमान्तकृत वर्ग, महिला, दलित, जनजाति र मधेशलाई राष्ट्रिय विकास प्रक्रियाको मूलधारमा ल्याउन कर्णाली-दलित-महिला-जनजाति-मधेस (कदमजम) लगायतको अवधारणा ल्याएर जनताको विश्वास जित्नुभएको थियो । उहाँकै पालामा विशेष वर्ग एवं समुदायको उत्थानका लागि राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, दलित आयोगजस्ता विभिन्न आयोग गठन भएका हुन् ।

पार्टीभित्रको कलह बढ्दै गएपछि २०५९ सालमा कांग्रेस विभाजन भई गठित नेपाली कांग्रेस (प्रजातान्त्रिक) को उहाँ सभापति बन्नुभएको थियो । पछि विसं २०६४ मा कांग्रेस र कांग्रेस (प्रजातान्त्रिक) को एकतापछि उहाँ पार्टीको वरिष्ठ नेता हुनुभएको थियो । त्यसपछि विसं २०७२ फागुन २४ मा सम्पन्न कांग्रेसको १३औँ महाधिवेशनमा उहाँ सभापतिमा निर्वाचित हुनुभएको थियो ।

सभापति एवं पार्टी संसदीय दलका नेता देउवा व्यवस्थापिका-संसद्को बैठकबाट २०७४ साल जेठ २३ गते चौथो पटक प्रधानमन्त्रीमा निर्वाचित भई नेपालको संविधानअनुसार पहिलो पटक सङ्घीय संरचनाका तीन तहका निर्वाचन गराउन सफल हुनुभएको थियो ।

सभापति देउवा २०७८ साल असार २९ गते पाचौँ पटक मुलुकको प्रधानमन्त्री नियुक्त हुनुभएको हो । त्यसयता उहाँ नेतृत्वकै सरकारले २०७९ साल बैशाख ३० गते स्थानीय तहको र मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ । सन् २००८ देखि २०१२ सम्म सोसलिष्ट इन्टरनेशनलका उपाध्यक्ष उहाँ सन् २०१३ देखि पछिल्लो कार्यकालसम्म उक्त सङ्गठनको अन्तर्राष्ट्रिय उपाध्यक्ष रहनुभएको थियो । प्रजातान्त्रिक आन्दोलनका क्रममा उहाँले पटकपटक गरी १० वर्ष कारागार जीवन बिताउनुभएको छ ।


# फागुन मसान्तसम्म इम्बोस्ड नम्बर जडान गर्न निर्देशन

काठमाडौँ, ६ पुस (रासस) ।

यातायात व्यवस्था विभागले फागुन मसान्तसम्ममा इम्बोस्ड नम्बर जडान गर्न सरकारी सवारी साधनलाई निर्देशन दिएको छ । आगामी चैत महिनाबाट इम्बोस्ड नम्बर जडान नगरेका सरकारी सवारी साधन सडकमा देखिएमा ती गाडीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार रु दुई हजार जरिवाना गरिने विभागले जनाएको छ ।

सरकारी गाडीहरूले १० वर्षसम्म पनि कर नतिरेपछि इम्बोस्ड नम्बर जडान गर्न निर्देशन दिइएको विभागका महानिर्देशक डा टोकराज पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारी गाडीको कर १० वर्षसम्म पनि नउठेपछि कर उठाउने माध्यमका रूपमा इम्बोस्ड नम्बर प्लेट जडानलाई लिएका छौं, फागुन मसान्तसम्म सबै सरकारी गाडीले अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने छ, सेतो प्लेटले पनि कर नतिरी गाडी चलाउन पाउँदैनन् ।"

इम्बोस्ड नम्बर प्लेट जडान गर्ने समयमा अनिवार्य रूपमा कर क्लियर भएको हुनुपर्ने विभागले जनाएको छ । इम्बोस्ड जडान गर्नुपर्ने विभागको निर्देशनले सरकारको राजस्व उठ्ने र इम्बोस्ड जडानको प्रक्रिया पनि सहज हुने महानिर्देशक डा पाण्डेको दावी छ । उहाँका अनुसार सरकारी गाडीले फागुन मसान्तसम्म इम्बोस्ड जडान नगरेको पाइएमा रु दुई हजार जरिवानासहित इम्बोस्ड नम्बर जडान गर्न लगाइनेछ ।



नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. :
पत्र संख्या : ०६९।०८०
प्राप्त पत्र संख्या र मितिः

मितिः २०६९।६।१२

विषय : ...३५... दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

...................दर्ता रहेको साविक ...................मौजा रैन...................हाल तपसिल बमोजिम नापी भएको जग्गा...................गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा....मसादेवा....वार्ड नं. ३.....बस्ने श्री ....दरगावती मंडल......................को द.नं.२१०३३ मिति...२०६९।९।१२......मा निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति ..२०६९।५।२०..मा आदेश भए अनुरुप यो .....३५......दिने सुचना प्रकाशित गरिएको छ ।तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकासित भएको मितिले ....३५......दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरो गर्नु होला ।म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम......नामसारी......गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ ।यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

## तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| देउरी भरुवा | ६ | १५३ | ०-०-१५ | तिलिया मधैनी | |
| " | ६ | १५२ | ०-०-१६ | " | |
| " | ८ | १६९ | ०-२-० | " | |

२०६९।६।१२

# विश्व समाचार

## तालिबान सरकारले महिलालाई विश्वविद्यालय जान प्रतिबन्ध गरेकामा दुःख व्यक्त

संयुक्त राष्ट्रसङ्घ, ६ पुस (रासस/सिन्ह्वा) ।

तालिबान सरकारले यहाँका महिला तथा किशोरीलाई विद्यालय विश्वविद्यालय जान प्रतिबन्ध गरेको घटनाले आफू स्तब्ध भएको संयुक्त राष्ट्रसङ्घीय एक अधिकारीले बताउनुभएको छ । अफगानिस्तानका लागि एक संयुक्त राष्ट्रसङ्घीय उच्च अधिकारीले सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभएको छ, अफगानिस्तानको तालिबान सरकारको यो निर्णयले मलाई दुःख लागेको छ, म स्तब्ध भएको छु । आज सो समाचार देशव्यापीरुपमा प्रचारमा ल्याइएको छ । तालिबानले अफगानिस्तानका किशोरी तथा महिलालाई विश्वविद्यालय जानबाट रोकेको घटनाको म विरोध गर्दछु ।

अफगानिस्तानमा लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि रोजा ओटुन्बोयाले एक विज्ञप्तिमा सो कुरा बताउनुभएको छ । उहाँले यस्तो निर्णय अफगानिस्तानका उच्च शिक्षासम्बन्धी मन्त्रीले हालै गरेको भनी गरिएको प्रचारले अफगानिस्तानका सबै महिला बेखुस भएका पनि बताउनुभएको छ । उहाँले यस्तो निर्णय अफगानिस्तान देशको हितमा पनि नभएको र अहिलेको युगमा पनि महिलाले विश्वविद्यालय गएर अध्ययन गर्न नपाउनु भनेको निकै नै दुःखद भएको धारणा राख्नुभएको छ ।

दुई वर्षअघि अफगानिस्तानमा तालिबानको शासन सुरु भएपछि यहाँका महिलाको अधिकार खोसिएको छ । उनीहरुलाई धेरै सार्वजनिकस्थल र कार्यमा प्रतिबन्ध लगाएको छ र अहिले पछिल्लो समयमा आएर उनीहरु विश्वविद्यालय पनि जान नपाउने गरी प्रतिबन्ध लगाइएको बताइएको छ । तालिबानले यहाँका महिला अधिकारको हनन् गरिरहेकाले संयुक्त राष्ट्रसङ्घीयसभा तथा बैठकमा यस्ता विषयमा कुरा उठ्ने गरेको पनि उहाँले बताउनुभएको छ । यस निर्णयका बारेमा संयुक्त राष्ट्रसङ्घले थप स्पष्ट जानकारीको खोजी गरिरहेको भन्दै आगामी दिनमा यस्ता निर्णय फिर्ता लिनका लागि आफूले पहल गर्न पनि उहाँले बताउनुभएको छ ।

## जापानमा जन्मदर घट्ने क्रम जारी

जापान (टोकियो), ६ पुस (रासस/सिन्ह्वा) ।

जापानमा नयाँ शिशु जन्मिने दर निरन्तर घट्ने क्रममा रहेको देखिएको छ । जापानको स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले सन् २०२२ मा जापानमा जन्मिने शिशुको सङ्ख्या आठ लाखभन्दा कम हुने जनाएको छ । मन्त्रालयको प्रारम्भिक तथ्याङ्कअनुसार जनवरीदेखि अक्टोबरसम्म जापानमा जन्मदर अघिल्लो वर्षको तुलनामा ४.८ प्रतिशतले घटेर ६ लाख ६९ हजार ८७१ मा झरेको छ । गत वर्ष आठ लाख ११ हजार ६०४ नवजात शिशुको वार्षिक सङ्ख्या सात लाख ७० हजार पुग्ने अनुमान गरिएको छ ।

सन् १८९९ मा जापान सरकारले जन्मको तथ्याङ्क सङ्कलन सुरु गरेयता पहिलो पटक यो सङ्ख्या आठ लाखभन्दा तल झरेको छ । सरकारले अनुमान गरेभन्दा छिटो जन्मदर घटिरहेको जापानी अधिकारीले जनाएका छन् । जापानको 'नेसनल इन्स्टिच्युट अफ पपुलेसन एन्ड सोसल सेक्युरिटी रिसर्चले सन् २०१७ मा सन् २०२२ मा कूल जन्मदर आठ लाख ५० हजार र सन् २०३० मा आठ लाखभन्दा तल झर्ने प्रक्षेपण गरेको थियो । जापानको बढ्दो उमेरको समाजमा घट्दो जन्मदरले पेन्सन र वृद्धवृद्धाका लागि चिकित्सा सेवाजस्ता सरकारी सामाजिक सुरक्षा कार्यक्रमको भविष्यको वित्त पोषणका लागि खतरा उत्पन्न गरेको प्रतिवेदनमा उल्लेख छ ।

## युक्रेनलाई नयाँ हतियार पठाउँदा द्वन्द्व चर्किने क्रेमलिनको चेतावनी

मस्को, ६ पुस (रासस/सिन्ह्वा) ।

युक्रेनलाई थप हतियार उपलब्ध गराए द्वन्द्व चर्किने चेतावनी बुधबार क्रेमलिनले दिएको छ । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको ह्वाइट हाउस भ्रमणको क्रममा वासिङ्टनले कीभका लागि नयाँ हतियार प्याकेज घोषणा गर्ने अपेक्षबीच क्रेमलिनले युक्रेनलाई सहयोगी राष्ट्रले थप हतियार उपलब्ध गराउँदा द्वन्द्व चर्किने बताएको हो । प्रवक्ता दिमित्री पेस्कोभले भन्नुभयो, "यी सबै कुराले निश्चित रूपमा द्वन्द्वलाई बढावा दिन्छ र युक्रेनका लागि राम्रो सङ्केत गर्दैन । मस्कोले युक्रेनले शान्ति वार्ताबारे आफ्नो अडान परिवर्तन गर्ने अपेक्षा गर्दैन । युक्रेनी राष्ट्रपति भ्लादिमिर जेलेन्स्कीले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको वार्ता इन्कार गर्नुहुने छैन ।"

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले बुधबार नै वासिङ्टनमा अमेरिकी समकक्षी जो वाइडेनसँग भेटवार्ता गर्ने कार्यक्रम सार्वजनिक भएको छ । ह्वाइट हाउसकी प्रवक्ता करिन जिन पियरेले मङ्गलबार र युक्रेनी राष्ट्रपति जेलेन्स्की स्वयंले बुधबार मात्र भ्रमण कार्यक्रमबारे पुष्टि गर्नुभएको छ । पियरेले एक विज्ञप्ति जारी गर्दै भन्नुभयो, "यो भ्रमणले युक्रेनलाई जति सक्दो लामो समयसम्म सहयोग गर्ने अमेरिकाको दृढ प्रतिबद्धतालाई दर्शाउनेछ ।"

जेलेन्स्कीले बुधबार गरेको ट्वीटर सन्देशमा आफ्नो अमेरिका भ्रमणबारे पुष्टि गर्दै लेख्नुभएको छ, "युक्रेनको लचकता र प्रतिरक्षा क्षमतालाई मजबुत बनाउन म अमेरिका जाँदैछु ।"

# गैससको दोस्रो जिल्ला नागरिक सम्मेलन तथा दशौं अधिवेशन सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

गैर सरकारी संस्था महासंघ नेपाल सप्तरीले दोस्रो जिल्ला नागरिक सम्मेलन तथा दशौ अधिवेशन बुधबार सम्पन्न गरेको छ ।

सो अवसरमा गैसस महासंघका केन्द्रीय अध्यक्ष रामप्रसाद सुबेदीले गैससलाई स्थानियस्तरमा सशक्त बनाउन आबश्यक रहेको बताएका छन् ।

सुशासन कायम गर्ने, भुमिका फरक फरक राख्नुपर्ने बताउँदै उनले स्थानिय स्रोतका आधारमा दिगोपन बनाउन समाजिक उत्तरदायित्वमा खर्च गर्ने कार्यक्रम नागरिक संस्थामार्फत संचालन गर्नु पर्नेमा जोड दिए ।

यसैगरी गैसस महासंघ महासचिव अर्जुन भट्राईले कर छुट प्रमाण दिन कर अधिकृतको लापरवाहीका कारण समस्या उत्पन्न हुने गरेको बताउदै कर छुटको नविकरण गर्न बाध्यता नरहेको तथा नागरिक संस्थाले भ्याट जानु नपर्ने बताए । उनले क्षमता बिकासका लागि गैसस महासंघलाई सशकत बनाउनु पर्ने बताए ।

गैसस महासंघ नेपाल सप्तरीका कार्यवाहक अध्यक्ष बलदेव मण्डलको अध्यक्षतमा आयोजित कार्यक्रममा गैसस महासंघका केन्द्रिय वरिष्ठ उपाध्यक्ष ध्रुब देव, संस्थापक जिल्ला अध्यक्ष इन्द्र नारायण देव, जिल्ला सचिव दिपक झा, विभिन्न गैससका अध्यक्ष तथा प्रतिनिधि, संचारकर्मी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## *सहकारी बैंकको ...*

मधेश प्रदेशबाट विश्वनाथ मण्डल र गण्डकी प्रदेशबाट राम बहादुर जिसी निर्विरोध निर्वाचित भएका हुन् । तीनै जना दोश्रो कार्यकालका लागि निर्वाचित भएका हुन् ।

बैंकको १६ औं वार्षिक साधरणसभा अन्तरगत पुस ६ गतेका लागि तोकिएको उमेदवारी दर्ताका क्रममा अध्यक्ष उप्रेती र संचालक मण्डल र जिसिको पदमा एक उम्मेदवारी परेकोले उनीहरु निर्विरोध निर्वाचित भएका हुन् ।

बैंकको आगामी ४ वर्षका लागि नयाँ सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका लागि अन्य पदमा एक भन्दा बढी उमेदवारी परेको छ ।

अध्यक्ष, सात प्रदेशबाट ७ जना सञ्चालक (२ जना महिला सहित), ३ जना महिला सञ्चालक र ४ जना खुल्ला सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको संयोजक, खुल्ला सदस्य र महिला सदस्यका लागि उमेदवारी आह्वान गरिएको थियो ।

निर्वाचन उपसमितिले पुस ७ गते ५ बजेसम्म फिर्ता लिन चाहनेहरुका लागि समय दिएको छ । उमेदवारी फिर्ताको समयसम्म धैरै पदमा सर्वसम्मत हुन सक्ने जनाइएको छ । सर्वसम्मत नभएका पदहरुमा पुस १६ गते निर्वाचन हुने छ ।

# प्रतिनिधिसभाका ज्येष्ठ सदस्य राणाद्वारा पदबहाली

काठमाडौँ, ६ पुस (रासस) ।

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शमशेर जबराले बुधबार सिंहदरबारस्थित संसद् सचिवालयमा गई पदबहाली गर्नुभएको छ । ज्येष्ठ सदस्य राणाले बिहीबार प्रतिनिधिसभामा नवनिर्वाचित सांसदलाई शपथ ग्रहण गराउनुहुने कार्यक्रम छ । पदबहालीपछि सञ्चारकर्मीसँग कुरा गर्नुहुँदै उहाँले देशको भलोका लागि सन्तुलित रूपमा निष्पक्ष भएर काम गर्ने बताउनुभयो ।

बहुदलीय प्रजातान्त्रिक संसदीय शासन व्यवस्थालाई अघि बढाउन अभिभावकका रूपमा भूमिका निर्वाह गर्न लागिपर्ने ज्येष्ठ सदस्य राणाले जानकारी गराउनुभयो । उहाँले बुधबारै शीतल निवासस्थित राष्ट्रपति कार्यालय पुगेर शपथ ग्रहण गर्नुभएको थियो ।

प्रतिनिधिसभा बैठक सुरु भएर सभामुखको निर्वाचन नभएसम्म उहाँले सभाको कारबाही अघि बढाउनुहुने छ ।

# सभापति देउवा संसदीय दलको नेतामा निर्वाचित

काठमाडौँ, ६ पुस (रासस) ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पार्टीको संसदीय दलको नेतामा निर्वाचित हुनुभएको छ । पार्टीको संसदीय दलको नेताका लागि बुधबार भएको मतदानमा उहाँले अर्का उम्मेदवार पार्टीका महामन्त्री गगनकुमार थापालाई पराजित गरी निर्वाचित हुनुभएको हो ।

मतदानमा कुल मत ८९ खसेको र त्यसमध्ये सभापति देउवाले ६४ तथा महामन्त्री थापाले २५ मत प्राप्त गर्नुभएको कांग्रेसको 'संसदीय दलको नेता तथा कार्यसमिति निर्वाचन समिति'ले जनाएको छ । मतदान बुधबार बिहान भएको थियो ।

सभापति देउवाको उम्मेदवारीको प्रस्तावकमा वरिष्ठ नेता रामचन्द्र पौडेल र समर्थक पार्टी उपसभापति पूर्णबहादुर खड्का रहनुभएको थियो । यसैगरी महामन्त्री थापाको उम्मेदवारीको प्रस्तावक नेता डा शेखर कोइराला तथा समर्थकमा उपसभापति धनराज गुरुङ, महामन्त्री विश्वप्रकाश शर्मा र केन्द्रीय सदस्य प्रदीप पौडेल रहनुभएको थियो ।

यस निर्वाचनका मतदाता पार्टीका प्रतिनिधिसभा सदस्य हुन् । गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ गरी ८९ सिटमा विजयी हासिल गरेको थियो ।

# लोसपाको संसदीय दलको नेतामा अध्यक्ष ठाकुर चयन

काठमाडौँ, ६ पुस (रासस) ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलको नेतामा पार्टी अध्यक्ष महन्थ ठाकुर सर्वसम्मत चयन हुनुभएको छ ।

लोसपाको बुधबार बसेको संसदीय दलको बैठकबाट संसदीय दलको नेतामा अध्यक्ष ठाकुर सर्वसम्मत चयन हुनुभएको पार्टीका कार्यकारिणी सदस्य केशवकुमार झाले जानकारी दिनुभयो ।

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं।

➢ विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
➢ विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
➢ सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भक्तानी गरौं, गराऔं।
➢ विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
➢ विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*